नेपाल सरकार

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

# वैदेशिक रोजगार विभाग

(प्रशासन योजना तथा संस्थादर्ता शाखा)

फोन ४७८२६१६
४७८२६४८
४७८२६१०
४४७७६७२
४४९०८२६
फ्याक्स : ४११२४७३
पोष्ट वक्स नं. : ६५१५
काठमाडौं नेपाल

पत्र संख्या: ०७५/७६

चलानी नं. ७३२

मिति २०७५।०५।२०

श्री बैदेशिक रोजगार व्यवसाय संचालन गर्ने
इजाजतपत्र प्राप्त संस्थाहरु, (**सबै**) ।

विषय : परिपत्र

बैदेशिक रोजगारीमा जाने नेपाली यूवा/यूवती ठगिने गरेको गुनासो आइरहेको विदितै छ । ठगी सम्बन्धमा परेका उजुरीको दुबै पक्ष पीडीत र पीडकको उपस्थितिमा छलफल/संवाद गरी समस्याको समाधान गर्ने कार्य विभागबाट धेरै अगाडि देखी हुँदै आएको र यसमा उल्लेख्य सफलता समेत हाँसिल भएको छ । तर पनि विकृति नघटेको र धेरै नेपाली यूवा/यूवतीले बैदेशिक रोजगारीमा पठाईदिने वहानामा ठगिने गरेको अवस्था छ ।

विभागमा ठगी सम्बन्धी आएका अधिकांश उजुरी मध्ये कामदारलाई विदेश पठाईदिन्छु भनी रकम र राहादानी लिने, एउटा काममा रोजगारी दिने भनी अर्को काममा पठाउने, बढी तलबको आकर्षण देखाई कम तलवमा पठाउने, सरकारले तोकेको सेवा शुल्क भर्पाई गराई अवान्छित रुपमा थप रकम लिने, कामको लागि चाहिने न्यूनतम विज्ञताको ज्ञान विना पनि हचुवाको आधारमा पठाउने, संझौता पत्र समयमा उपलब्ध नगराउने आदि जस्ता विषयहरु छन् ।

त्यसरी नै प्रकृयाको चरणमा कामदारको पासपोर्ट लगायतका कागजात नियन्त्रण लिने, समयमा काममा नपठाउने र त्यस बीचमा कुनै कामदारले नजाने इच्छा गरेमा समेत सबै कागजातहरु फिर्ता नदिई दुख दिने जस्ता घटना हुने गरेको उजुरीमा पाइएको छ । त्यस्तै गन्तव्य मुलुकमा पुगेपछि कामदारका पहिचानका कागजात नियन्त्रण लिने र सम्पर्क विहिन अवस्थामा राख्ने घटनाहरु गरेको पटक पटक उजुरी आउने गरेको छ ।

नेपाल सरकारले उपर्युक्त समस्याहरुको निराकरण गरी सुरक्षित बैदेशिक रोजगारको वातावरण सृजना गर्ने सम्बन्धमा धेरै कार्य गरेको भएतापनि विकृतिमा अझै सोचेजस्तो कमी आएको छैन । यसले गर्दा पनि बैदेशिक रोजगारीसँग सम्बन्धित कम्पनीका अवान्छित कार्यहरुलाई विशेष कडाईका साथ अनुगमन गर्ने र कानूनको दायरामा ल्याउन आवश्यक भएको महशुस भै रहेको छ ।

यसै परिप्रेक्ष्यमा हाल परेको समस्या पुन नदोहरिने आवश्यक सुनिश्चितता हुने गरी व्यवस्था गर्नका लागि देहाय अनुसार व्यवस्था हुन सबै इजाजतपत्र प्राप्त कम्पनीहरुलाई अनुरोध गरिन्छ ।

१. कामदारको पासपोर्ट कम्पनीमा संकलन भएपछि अनिवार्य रुपमा नाम, पासपोर्ट नम्बर र कति समयसम्म कम्पनीमा पासपोर्ट रहने हो ? सोको अभिलेख राख्नुपर्नेछ । कामदारको पासपोर्ट कम्पनीमा राख्दा कम्पनीले बुझिलिएको भरपाई दिने व्यवस्था अनिवार्य गर्नुपर्नेछ ।

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
वैदेशिक रोजगार विभाग
काठमाण्डौं
२०६५

२. कम्पनीको कार्यालयमा आधिकारिक व्यक्ति आफ्नो परिचयपत्र लगाएर बस्ने व्यवस्था गर्नपर्नेछ । अनाधिकृत व्यक्तिलाई कम्पनीमा बसाई कामदारसँग लेनदेन र अन्य कुनै प्रकारको कारोवार गराई कामदारलाई ठगी गरेमा सम्बन्धित कम्पनीले नै जवाफदेहीता लिनुपर्नेछ ।
३. कामदारलाई "श्रम मात्र गरिदिएको" बाँकी अन्य काममा कामदार स्वयं जवाफदेही हुने जस्ता सम्झौता गराई विदेश पठाउने गतिविधि तत्काल बन्द गर्नुपर्नेछ । अनुगमनका क्रममा पीडितका उजुरी फेला परेमा यस्ता विषयमा सम्बन्धित कम्पनीले जवाफदेही बन्नुपर्नेछ ।
४. आवश्यक मात्रामा फर्निचर र स्वच्छ खानेपानी सहित आगन्तुक स्वागत कक्ष (रिसेप्सन) व्यवस्थित गर्नुपर्नेछ ।
५. कार्यरत कर्मचारीहरुलाई सहजै चिन्नका लागि कम्पनीका तर्फबाट तोकिएको परिचयपत्र अनिवार्य रुपमा लगाउनुपर्नेछ । साथै जनसम्पर्क अधिकारीको फोटो सहितको विवरण सबैले देख्ने ठाउँमा राख्नुपर्नेछ ।
६. कामदारको अभिलेख खोजेको समयमा सहजै प्राप्त हुने गरी अभिलेख व्यवस्थापन प्रभावकारी बनाउनुपर्नेछ ।
७. भिजिटिङ कार्डमा कम्पनीको इजाजत प्रमाणपत्र नं., कम्पनीको सन्चालकको नाम, कम्पनीको सम्पर्क नं., मोवाइल नं., ठेगाना आदि व्यवस्थित हुनुपर्नेछ । क-कसको नाममा के कस्तो भिजिटिङ कार्ड बनेको छ, कार्ड बन्दाको बखत नै विभागलाई कार्ड सहित जानकारी गराउनुपर्नेछ ।
८. कार्यालयमा कार्यरत कर्मचारीलाई शिष्टता/आथित्यता (Hospitality) सम्बन्धी अभिमुखीकरण तालिम दिनुपर्नेछ ।
९. सबै मेनपावर कम्पनीले अनिवार्य रुपमा कम्पनीको वेभसाइट बनाउनु पर्ने र आफ्ना गतिविधि नियमित रुपमा वेवसाइडमा अद्यावधिक गर्नुपर्नेछ ।
१०. वैदेशिक रोजगार सम्बन्धी ऐन, नियम, निर्देशिका, परिपत्रहरुको संग्रह कम्पनीको कार्यालयमा राख्नुपर्नेछ ।
११. कम्पनीको नागरिक वडापत्र, सूचनापाटी, उजुरी पेटिका सबैले देख्ने ठाउँमा सबैका पहुँचमा राख्नुपर्नेछ ।

.......................

(दिलीप कुमार चापागाई)
महानिर्देशक